REGIONAL NEWS UNIT
आकाशवाणी गान्तोक

BROADCAST: 18:40 hrs | Date: 19.12.2025

## 1. Governor of Sikkim Losang

राज्यमा भोलिदेखि सिक्किमे भुटियाहरूको लोसोङ र लेप्चाहरूको नामसुङ चाड शुरू हुनेछ। यी दुवै पर्वहरू सात दिनसम्म जारी रहनेछ। फसल कटाई समाप्त भएको अवसरमा यो चाड मनाउने गरिन्छ। यस अवधिमा भुटिया र लेप्चा समुदायका मानिसहरूले गुम्पामा गई पूजा आराधना गर्नाका साथै घरमा आफन्तहरू भेला भई यो चाड मनाउँछन्। फसल कटाईपछि नयाँ बाली ईश्वरलाई चढाउने पनि चलन छ। यसै अवसरमा, राज्यपाल ओम प्रकाश माथुरले सिक्किमका सबै बासिन्दाहरू, विशेषगरी भूटिया र लेप्चा समुदायलाई हार्दिक बधाई र शुभकामना व्यक्त गर्नुभएको छ। आफ्नो सन्देशमा उहाँले भन्नुभयो, "लोसोङ/नामसुङ भूटिया र लेप्चा समुदायको एक प्रमुख परम्परागत पर्व हो, जसले बाली काट्ने कामको अन्त्य र सिक्किमेली नयाँ वर्षको सुरुवातलाई चित्रण गर्दछ। यस अवसरमा किसानहरूले प्रकृतिप्रति कृतज्ञता व्यक्त गर्छन्।"

## 2. Indra Hang Subba met Prahlad Joshi

सिक्किमका लोकसभा सांसद डाक्टर इन्द्र हाङ सुब्बाले केन्द्रीय उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्री प्रह्लाद जोशीलाई भेटी सिक्किममा भारतीय खाद्य निगम –एफ.सी.आई-को क्षेत्रीय कार्यालय स्थापना गर्न अनुरोध गर्दै औपचारिक पत्र बुझाउनुभयो। हाल, सिक्किमको हेरचाह कोलकाता क्षेत्रीय कार्यालयले गर्दछ। श्री सुब्बाले हिमाली राज्य सिक्किमले खाद्य खरिद, भण्डारण, ढुवानी र वितरणलाई कठिन बनाउने अनौठा भौगोलिक र बन्दोबस्तीका चुनौतीहरूलाई प्रकाश पार्नुभयो। उहाँले राज्यमा एफ.सी.आई क्षेत्रीय कार्यालयको अभावले प्रायः सञ्चालन गर्नमा ढिलाइ र समन्वय समस्याहरू निम्त्याउने, खाद्य सुरक्षा योजनाहरू र सार्वजनिक वितरण प्रणालीको कुशल कार्यान्वयनमा असर पार्ने कुरा औंल्याउनुभयो। श्री जोशीले यस विषयमा सकारात्मक रूपमा जाँच गरिने आश्वासन दिनुभयो।

## 3. Viksit Bharat State Level Youth Festival kicks off in Gangtok today

**विकसित भारत युवा नेतृत्व संवाद** अन्तर्गत उन्तीसौं **राष्ट्रिय युवा महोत्सव दुई हजार छब्बीस-**को एक भागको रूपमा **विकसित भारत राज्यस्तरीय युवा महोत्सव** आज, गान्तोकको पाल्जोर स्टेडियममा आयोजना गरियो। यस कार्यक्रममा भारत सरकारको खेलकुद तथा युवा मामिला मन्त्रालय, hashtag MyBharat द्वारा सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागको सहकार्यमा निबन्ध, गीत, नृत्य प्रतियोगिता आयोजना गरिएको थियो। भारत सरकारको खेलकुद तथा युवा मामिला मन्त्रालय, hashtag MyBharat का उपनिर्देशक मंगल जाखरले आकाशवाणी समाचारसँग विशेष कुराकानीमा, विकसित भारत युवा नेतृत्व संवाद अन्तर्गत आज हुने विभिन्न कार्यक्रमहरूमा सिक्किमका विभिन्न जिल्लाका लगभग एक सय पचास सहभागीहरू भाग लिइरहेका छन् भनेर भन्नुभयो। यस कार्यक्रमपछि, चयन गरिएका विचार र प्रस्तुतीकरणहरूले दस देखि बाह्र जनवरी, दुई हजार छब्बीस सम्म नयाँ दिल्लीको भारत मण्डपममा हुने राष्ट्रिय युवा सम्मेलनमा सिक्किमको प्रतिनिधित्व गर्नेछन्।

## 4. Justice A. Muhamed Mustaque- Chief Justice of the Sikkim High Court

सिक्किम उच्च अदालतका पूर्व मुख्य न्यायाधीश विश्वनाथ शोमाद्दरको अवकाशपछि; मीनाक्षी मदन राईलाई सिक्किम उच्च अदालतको कार्यवाहक मुख्य न्यायाधीशको पदमा नियुक्त गरिएको छ। सर्वोच्च अदालत कलेजियमले केरला उच्च अदालतका न्यायाधीश ए. मुहम्मद मुस्ताकलाई सिक्किम उच्च अदालतको मुख्य न्यायाधीशको पदमा नियुक्त गर्न सिफारिस गरेको छ। सिफारिसमा, देशभरका विभिन्न उच्च अदालतका मुख्य न्यायाधीशमा पाँच उच्च अदालतका न्यायाधीशहरूको पदोन्नति प्रस्ताव गरिएको थियो। कलेजियमको अध्यक्षता भारतका प्रधान न्यायाधीश, न्यायमूर्ति सूर्य कान्तले गर्नुभएको थियो। सिफारिस स्वीकृत भएपछि, न्यायाधीश ए. मुहम्मद मुस्ताकले सिक्किम उच्च अदालतको मुख्य न्यायाधीशको पदभार ग्रहण गर्नुहुनेछ।

## 5. Shubham Mishra and Saejal Rai

सिक्किम विश्वविद्यालयको मनोविज्ञान विभागका भूतपूर्व छात्र शुभम मिश्रा र सेजल राईले राष्ट्रिय फोरेन्सिक विज्ञान विश्वविद्यालय NFSU, गान्धीनगरद्वारा आयोजित प्रतिष्ठित राष्ट्रिय स्तरको लघु फिल्म प्रतियोगिता, क्रिमिनोलोजिया ई सिनेमा तृतीयमा तेस्रो स्थान हासिल गरेका छन्। प्रतियोगितामा देशभरका सत्तरी भन्दा धेरै लघु फिल्महरूको सहभागिता थियो, जसमध्ये केवल आठ फिल्महरू अन्तिम स्क्रिनिङको लागि छनौट भएका थिए। यो फिल्म आज राति आठ बजे आधिकारिक युट्युब रिलीजको लागि तय गरिएको छ।